सूचना सामग्री नं.: ०१/२०७६-७७

# नेपाल राष्ट्रिय रेडप्लस रणनीति २०७५-२०७९

रेड कार्यान्वयन केन्द्र

## १. परिचय

नेपाल जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि, क्योटो अभिसन्धि र पेरिस सम्झौताको पक्ष राष्ट्र भएको सन्दर्भमा अन्तर्राष्ट्रिय दायित्व पुरा गर्दै राष्ट्रिय प्राथमिकता र आवस्यकता अनुरुप कार्य गर्दै आईरहेको छ। रेडप्लस कार्यक्रम जलवायु परिवर्तनको समस्या समाधान गर्न अपनाइने एक न्यूनीकरणको उपाय हो।

वन विनास रोक्ने, वनको गुणस्तर खस्किन नदिने, वनको संरक्षण गरी कार्बन सञ्चिति गर्ने, वनको दिगो व्यवस्थापन गर्ने र वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने क्रियाकलापहरुको समस्टिगत रुप नै रेडप्लस हो । रेडप्लस कार्यक्रम अन्तर्गत पाँच वटा क्रियाकलापहरुः (१) वन विनासका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (२) वन क्षयीकरणको माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (३) वन कार्बन सञ्चिति संरक्षण, (४) वनको दिगो व्यवस्थापन, र (५) वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने पर्दछन् ।

नेपालले रेडप्लस तयारी चरणका क्रियाकलापहरु आ.व. २०६६।६७ देखि सञ्चालन गरिरहेको छ । नेपालमा वन विनाश एवं वन क्षयीकरणका कारण र प्रभावहरु घटाउँदै कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चिति अभिवृद्धि गरी कार्यसम्पादनमा आधारित अन्तर्राष्ट्रिय भूक्तानीका लागि पहिलो तयारी चरणमा गर्नु पर्ने अधिकांश कार्यहरु सम्पन्न भएका छन्। रेडप्लस तयारीको चरणमा नीतिगत र कानुनी व्यवस्था मिलाउने, संस्थागत संरचनाहरुको स्थापना गर्ने, क्षमता अभिवृद्धिका कार्यहरु गर्ने, अध्ययन अनुसन्धान गरी तथ्याङ्क/सूचना तयार गर्ने, वनको आधारविन्दु (रेफरेन्स लेवेल) आंकलन गर्ने जस्ता कार्यहरु भएका छन् ।

रेडप्लसको प्रदर्शनी चरणमा तराई भू–परिधि क्षेत्रमा उत्सर्जन न्यूनीकरण कार्यक्रम लागू गरिनेछ । यसै क्रममा वन तथा वातावरण मन्त्रालयले २०७५ बैशाख ६ गते नेपाल सरकार (माननीय वन तथा वातावरण मन्त्रीस्तर) को निर्णयानुसार नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

## २. नेपाल राष्ट्रिय रेडप्लस रणनीतिको दूरदृष्टि, परिलक्ष्य र उद्देश्यहरू

नेपाल राष्ट्रिय रेडप्लस रणनीतिको दूरदृष्टि "जनताको समृद्धिमा योगदान गर्न वनजन्य पारिस्थितिकीय प्रणालीको कार्बन र गैरकार्बन लाभ अभिवृद्धि गर्ने" र परिलक्ष्य "सबै सरोकारवालाहरुको समावेशीकरण र क्षमता एवं दक्षता अभिवृद्धि सहित नीतिगत र संस्थागत संयन्त्र सुधार गर्दै उत्सर्जन न्यूनीकरण र वातावरणीय, सामाजिक र आर्थिक लाभ अभिवृद्धिका लागि वनजन्य पारिस्थितिकीय प्रणालीको उत्थानशीलता अभिवृद्धि गर्ने" रहेको छ ।

| उद्देस्यहरुः | |
|---|---|
| (१) | जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनको अवधारणामा आधारित भई सबै पारिस्थितिकीय क्षेत्रहरुमा दिगो वन व्यवस्थापनलाई उन्नत बनाउँदै र वन विनाश एवं क्षयीकरणका कारण र प्रभावहरु घटाउँदै कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चिति अभिवृद्धि गर्ने, |
| (२) | वातावरणीय र सामाजिक सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन गर्दै वनमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदाय, महिला, मधेशी, दलित, विपन्न र अन्य अधिकारवालाहरु बीच कार्बन तथा गैरकार्बन लाभको समन्यायिक बाँडफाँट सुनिश्चित गर्ने र वन स्रोतमाथिको अधिकार अभिवृद्धि गर्ने, |
| (३) | वनमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदाय, महिला, मधेशी, दलित र विपन्न वर्गको रोजगारीका अवसरहरुमा विविधीकरण गर्ने र जीविकोपार्जनका स्रोतहरु वृद्धि गर्ने, |
| (४) | वन क्षेत्रमा कार्बन र गैरकार्बन लाभहरुलाई अन्तरसम्बन्धित गर्न, संस्थागत क्षमता र समन्वय अभिवृद्धि गर्न, सुशासन, लैंगिक समता र सामाजिक न्याय अभिवृद्धि गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता र मापदण्डहरुसँग तालमेल हुनेगरी राष्ट्रिय नीति तथा कानुनहरुमा सामञ्जस्यता र सुधार गर्ने, |
| (५) | गहन किसिमको मापन, अनुगमन, प्रतिवेदन र प्रमाणीकरण संयन्त्र सहितको राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र विकास गर्ने । |

## ३. नेपाल राष्ट्रिय रेडप्लस रणनीतिहरु

नेपालको राष्ट्रिय रेडप्लस रणनीतिले निर्दिष्ट गरेका माथि प्रकरण २ मा उल्लिखित उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका १२ वटा रणनीति र सो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने ७० वटा क्रियाकलापहरु प्रस्ताव गरिएको छ।

| | |
|---|---|
| १. | कार्बन उत्सर्जन न्यूनीकरण, वन कार्बन सञ्चिति वृद्धि र वन पैदावारको आपूर्ति सुधार गर्ने । |
| २. | वनजन्य पारिस्थितिकीय प्रणालीहरुमा गैरकार्बन लाभहरु वृद्धि गर्ने । |
| ३. | निजी तथा सार्वजनिक जग्गाहरुमा वनको विकास गर्ने । |
| ४. | सबै भौगोलिक क्षेत्रहरुमा भू-उपयोग योजना बनाई भूमिको उच्चतम प्रयोगलाई प्रवर्द्धन गर्ने । |
| ५. | वन स्रोतको अधिकारवालाका रुपमा रहेका वनमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदाय, महिला, मधेशी, दलित, सीमान्तकृत र विपन्न वर्गको वनमाथिको अधिकार सुधार, कार्बन अधिकारको सुनिश्चितता र लाभको समन्यायिक एवं न्यायोचित वितरण गर्ने । |
| ६. | निजी क्षेत्रको समेत गहन भूमिका रहने गरी आर्थिक समृद्धि र जीविकोपार्जनका लागि वन पैदावारमा आधारित उद्यमहरुको प्रवर्द्धन गर्ने । |
| ७. | साना किसान र वनमा आश्रित परिवारहरुको कृषि-वन उत्पादकत्वमा वृद्धि गर्ने। |
| ८. | दिगो, किफायती र विश्वसनीय नवीकरणीय/बैकल्पिक उर्जामा पहुँच वृद्धि गर्ने । |
| ९. | क्षेत्रगत नीतिहरु, निकाय र सरोकारवालाहरु बीच सहकार्य, सहयोग र समन्वय अभिवृद्धि र सुधार गर्ने । |
| १०. | वन क्षेत्रका निकाय तथा संस्थाहरु, अधिकारवाला समुदाय र सम्बन्धित सरोकारवालाहरु क्षमता, संस्थागत कार्यसम्पादन र सेवा प्रदान गर्ने क्षमता विकास गर्ने । |
| ११. | सामाजिक र वातावरणीय सुरक्षा मापदण्डका साथै वातावरण मैत्री विकासको सुनिश्चितता गर्ने । |
| १२. | एउटा वृहत/गहन र निरन्तर क्रियाशील हुने किसिमको राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना गरी निरन्तरता दिने । |

## ४. रणनीति कार्यान्वयन सम्बन्धी व्यवस्था

राष्ट्रिय तहमा वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय रेडप्लस निर्देशक समितिले उच्चस्तरीय नीतिगत संरचनाको रुपमा रही नीतिगत मार्गदर्शन तथा कार्यक्रम कार्यान्वयनमा उच्चस्तरको समन्वय र सहजीकरण गर्ने गर्दछ। त्यसै गरी वन तथा वातावरण मन्त्रालयको सचिवको अध्यक्षतामा रहेको राष्ट्रिय रेडप्लस समन्वय समितिले समन्वयकारी भूमिका निर्वाह गर्दछ।

कार्बन सेवा, कार्बन सञ्चिति, कार्बन उत्सर्जन न्यूनीकरण, कार्बन व्यापार र सोवाट प्राप्त लाभको बाँडफाँट जस्ता कार्य संघको अधिकार क्षेत्रमा पर्ने र नेपाल सरकारले गर्नु पर्ने संबैधानिक, नीतिगत र कानुनी व्यवस्था रहेको छ । यी कार्यहरु नेपाल सरकारको तर्फवाट रेड कार्यान्वयन केन्द्रले गरीरहेको छ । निजी क्षेत्रको कार्बन खरिद बिक्री गर्न, कोष बनाई लाभको बाँडफाँट गर्न सक्ने गरी यस केन्द्रलाई अर्धसरकारी स्वायत्त संस्थाको रुपमा विकास गरी राष्ट्रिय रेडप्लस केन्द्र बनाउने परिकल्पना गरिएको छ। वन तथा वातावरण मन्त्रालय अन्तर्गतका विभिन्न विभागहरुमा रेडप्लस सम्पर्क इकाई स्थापना गरिनेछ । रणनीतिमा प्रदेशमा रहेका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा रेडप्लस इकाई स्थापना गरिने उल्लेख छ । प्रदेश स्थित वन निर्देशनालयमा रेड डेस्क स्थापना गरी सम्पर्क व्यक्ति मार्फत प्रदेशभित्र रेडप्लस कार्यक्रम कार्यान्वयन र अनुगमनका क्रममा जिल्ला तथा डिभिजन तहमा रहेका कार्यालयहरुसँग समन्वय गर्ने व्यवस्था मिलाइएको छ। यसका अतिरिक्त रेडप्लस बहुसरोकारवाला मञ्च, रेडप्लस आदिवासी जनजाति र नागरिक समाज सञ्जाललाई सूचना प्रवाह र संचारको लागि क्रियाशील राख्ने व्यवस्था गरिएको छ। निर्देशक र समन्वय समितिको संरचना र प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| राष्ट्रिय रेडप्लस निर्देशक समिति | | |
|---|---|---|
| मन्त्री | वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| सचिव | वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय, जलस्रोत, उर्जा र सिंचाइ मन्त्रालय, कृषि तथा पशुपञ्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सदस्य |
| प्रदेश सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सबै प्रदेश (७ जना) | सदस्य |
| प्रतिनिधि | स्थानीय सरकारका प्रतिनिधिमूलक सङ्घ संस्थाबाट कम्तीमा १ जना महिला सहित ३ जना मन्त्रालयबाट मनोनित | सदस्य |
| प्रतिनिधि | वन व्यवस्थापन गर्दै आएका आदिवासी जनजाति र स्थानीय समुदाय, महिला, मधेशी, दलित र निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घ संस्थाका प्रतिनिधि गरी कम्तीमा २ जना महिला सहित बढीमा ६ जना मन्त्रालयबाट मनोनित | सदस्य |
| प्रमुख | रेड कार्यान्वयन केन्द्र | सदस्य-सचिव |

| राष्ट्रिय रेडप्लस समन्वय समिति | | |
|---|---|---|
| सचिव | वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| सहसचिव | जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, योजना, अनुगमन तथा समन्वय महाशाखा, वातावरण तथा जैविक विविधता महाशाखा, वन तथा जलाधार महाशाखा, सहभागितामूलक वन महाशाखा र प्रशासन महाशाखा | सदस्य |
| महानिर्देशक | वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वनस्पति विभाग, वातावरण विभाग र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | सदस्य |
| प्रतिनिधि | वन व्यवस्थापन गर्दै आएका आदिवासी जनजाति र स्थानीय समुदाय, महिला, मधेशी, दलित र निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घ संस्थाका प्रतिनिधि गरी कम्तीमा ३ जना महिला सहित बढीमा ९ जना मन्त्रालयबाट मनोनित | सदस्य |
| प्रमुख | रेड कार्यान्वयन केन्द्र | सदस्य-सचिव |

## ५. अन्य व्यवस्थाहरु

### रेडप्लसका सुरक्षा मापदण्डहरु

राष्ट्रिय रेडप्लस रणनीति र क्रियाकलापहरुको कार्यान्वयनबाट सामाजिक र वातावरणीय तथा सकारात्मक र नकारात्मक प्रभावहरु पर्न सक्ने हुन्छ। कार्बन र गैरकार्बन लाभको वृद्धिका अतिरिक्त सृजना हुनसक्ने अन्य बहुपक्षीय लाभहरु यस रणनीतिबाट पर्ने सकारात्मक प्रभाव हो। सामाजिक र वातावरणीय मापदण्डहरुको सही किसिमले परिपालना नगरिएको खण्डमा रेडप्लस रणनीति र क्रियाकलापहरुको कार्यान्वयनबाट केही नकारात्मक सामाजिक, सास्कृतिक, आर्थिक र वातावरणीय प्रभावहरु पनि देखिन सक्नेछन् । समाज र पारिस्थितिकीय प्रणालीहरुमा पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरुलाई सम्बोधन गर्ने नीति तथा उपायहरुको रुपमा सामाजिक तथा वातावरणीय सुरक्षा मापदण्ड तयार गरिएको हुन्छ।

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धिका पक्षराष्ट्रहरुको १६ औं सम्मेलनमा सातवटा सुरक्षा सिद्धान्तहरु तय गरिएको थियो, जसलाई रेडप्लससम्बन्धी क्यानकून सुरक्षा सिद्धान्त भनिन्छ। यसकै आधारमा सुरक्षा मापदण्ड र प्रारूप निर्धारण गरिएको छ, जसको परिलक्ष्य सामाजिक र वातावरणीय रुपमा सिर्जना हुने प्रतिकूल जोखिमहरु घटाउने, वन स्रोतमाथिको समुदायको अधिकार सुरक्षालाई प्रवर्द्धन गर्ने, जैविक विविधता बढाउने, वन क्षेत्रको सुशासन अभिवृद्धि गर्ने, अधिकार सुरक्षाका माध्यमबाट सरोकारवालाहरुलाई उत्प्रेरित गर्ने र पूर्ण एवं प्रभावकारी सहभागिता प्रवर्द्धन गर्ने रहेको छ ।

नेपालमा वन, वातावरण, सुशासन, सूचनाको हक, श्रम तथा श्रमिक, आदिवासी जनजाति, लैंङ्गिक तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्रचलित नीतिगत तथा कानुनी व्यवस्थाहरुले सम्भावित सामाजिक र वातावरणीय प्रभाव सम्बोधन गरेका छन्। यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय

तहमा रेडप्लसको सन्दर्भमा रहेका सुरक्षा मापदण्ड र आवश्यकताहरुलाई मध्यनजर र अनुशरण गर्दै नेपालले आफनो सन्दर्भमा उपयोगी हुनेगरी सामाजिक र वातावरणीय रणनीतिक मूल्याङ्कन र सन् २०७० मा स्वयंसेवी सुरक्षा मापदण्डको रुपमा रेडप्लसका सामाजिक र वातावरणीय सुरक्षा मापदण्ड तयार गरेको छ । यी मापदण्डहरु र जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धिका पक्षराष्ट्रहरुको सम्मेलनले गरेका निर्णयहरु अनुसार विकास गर्नुपर्ने सुरक्षा मापदण्ड सम्बन्धी सूचना प्रणाली (Safeguards Information System) को विकास गरी सञ्चालन गरिने छ । साथै पृष्ठपोषण र गुनासो व्यवस्थापन संयन्त्र बनाई लागु गरिनेछ।

**वनको आधारविन्दु अनुमान**

नेपालले सन् २००० देखि २०१० बीचको अवधिलाई आधार वर्ष मानी राष्ट्रिय तहमा वनको आधारविन्दु तयार गरि जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धिको सचिवालयमा सन् २०१७ मा पेश गरेको छ। राष्ट्रिय तहमा वनको आधारविन्दु तयार गर्दा तीन वटा रेडप्लस क्रियाकलापहरु (वन विनाश, वन क्षयीकरण र कार्बन सञ्चिति अभिवृद्धि), दुई वटा कार्बन पूल (जमिन माथिको र जमिनमुनीको जैविक पिण्ड) र एउटा ग्याँस (कार्बन डाईअक्साइड) समेटिएको छ। नेपालले उत्सर्जन न्यूनीकरण हुने तराई भू-परिधि क्षेत्रको पनि आधारविन्दु आकलन गरेको छ। नेपालको पहिलो राष्ट्रियस्तरको वनको आधारविन्दुमा निम्न ५ क्षेत्रमा थप काम गरि परिमार्जित गरिनेछ।

- वन कार्बन सञ्चिति अभिवृद्धि सम्बन्धी अन्य क्रियाकलापहरुलाई पनि समावेश गर्ने । जस्तै: नेपालको समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रमका माध्यमबाट वन व्यवस्थापनमा गरिएको सुधारका उपलब्धिहरुलाई आकलन गर्ने।
- चरीचरणबाट हुने वन क्षयीकरणलाई कम खर्चिलो प्रत्यक्ष मापन विधि अवलम्बन गरी मापन गर्ने र चरिचरण तथा पशुपालन व्यवस्थापनबाट हुने वन क्षयीकरणको अप्रत्यक्ष मूल्याङ्कन गर्ने विधिलाई विस्थापित गर्ने ।
- दाउरा सङ्कलनबाट हुने वन क्षयीकरणलाई कम खर्चिलो प्रत्यक्ष मापन विधि अवलम्बन गरी मापन गर्ने र दाउरा सङ्कलनबाट हुने वन क्षयीकरणको अप्रत्यक्ष मूल्याङ्कन गर्ने विधिलाई विस्थापित गर्ने ।
- वनको आधारविन्दुमा गरिएको वनको परिभाषा भित्र वनका स–साना क्षेत्रहरु समेत पर्नेगरी गणना गर्नको निमित्त वन क्षयीकरण भएका वा वन पुनरोपण गरिएका स–साना स्तरका वनहरु पनि समावेश गर्ने ।
- दाउरा सङ्कलन र चरीचरणबाट हुने क्षयीकरणका अतिरिक्त वन क्षयीकरणका अन्य कारक तत्वबाट हुने उर्त्सजनको आकलन गरी समावेश गर्ने ।

**राष्ट्रिय वन अनुगमन प्रणाली**

- वनको क्षेत्रफल परिवर्तन, वन कार्बन सञ्चिति, मानवजन्य क्रियाकलापका कारण वनबाट हुने उत्सर्जनको मापन, अनुगमन, प्रतिवेदन तयारी र प्रमाणीकरणको निमित्त उपयुक्त हुने, समयको अन्तरालमा तालमेल हुने र उपलब्ध गराउने तथ्याङ्क र जानकारीहरु पारदर्शी हुने गरी जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धिका पक्षराष्ट्रहरुको सम्मेलनका निर्णयसँग तालमेल हुनेगरी राष्ट्रिय वन अनुगमन प्रणालीको ढाँचा तय गरिनेछ।
- रेडप्लसका लागि उपयोगी हुनेगरी राष्ट्रिय वनको तथ्याङ्क राष्ट्रिय वन सूचना प्रणाली सहितको सूचना प्रविधिमा आधारित तथ्याङ्क विकास, व्यवस्थापन र अद्यावधिक गर्ने परिलक्ष्य सहित राष्ट्रिय वन अनुगमन प्रणाली स्थापना र सञ्चालन गर्ने काम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र रेड कार्यान्वयन केन्द्रबाट हुनेछ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं

फोन नं. : ०१–४२३९१२६
इमेल : info@redd.gov.np
वेभसाइट : www.redd.gov.np

तयार गर्ने: बुद्धिसागर पौडेल, पशुपतिनाथ कोइराला, यज्ञमूर्ति खनाल, शंकर अधिकारी